# प्राकृतिक श्रोत व्यवस्थापन कार्यविधि

भिमसेन थापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मसेल १ घ्याम्पेसाल, गोरखा

२०७४

ईश्वर पाण्डे
अध्यक्ष

Scanned with CamScanner

### ढुंगा, गिट्टी, वालुवा माटो जस्ता खानी जन्य वस्तुको प्राकृतिक श्रोत व्यवस्थापन कार्यविधि
### भिमसेन थापा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसुचि ८ को क्रमसंख्या २१ र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (प) को ७ मा रहेको ढुंगा, गिटि, वालुवा, नुन, माटो खरीढुंगा तथा स्लेट जस्ता खानिजन्य वस्तुको सर्वेक्षण उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नविकरण खारेजी र व्यवस्थापन सम्वन्धि कार्य गर्न भिमसेन थापा गाउँपालिकाको गाउँकार्यपालिकाले ढुंगा, गिट्टी, वालुवा , माटो जस्ता खानीजन्य वस्तुको प्राकृतिक श्रोत व्यवस्थापन गर्न यो कार्यविधि २०७४ जारी गरेको छ।

१. यस कार्यविधिका उदेश्यहरु

भिमसेन थापा गाउँपालिकाले निम्न उदेश्य पुरा गर्न यो कार्यविधि जारी गरेको छ।

- भुकम्प पुर्ननिर्माण कार्यमा देखिएको निर्माण सामाग्रीको अभाव हटाई पुननिर्माण कार्यलाई गति दिन।
- भिरालो जग्गालाई सम्याई घडेरी निर्माण वा खेती योग्य जग्गा निर्माण गर्न।
- नदिजन्य उत्पादनका वस्तुहरुको संकलन तथा विक्रिवितरणवाट आवश्यक निर्माण सामाग्रीको अभाव कम गर्न।
- व्यवस्थित उत्खनन तथा संकलन कार्य मार्फत गाउँपालिकाको आन्तरिक श्रोत अभिवृद्धि गर्न।

२. निजि जग्गा व्यवस्थापन (खन्न, सम्याउन)

२.१. निजि जग्गा व्यवस्थापन (खन्न, सम्याउन) गर्न पाउँ भनि कुनै व्यक्तिले गाउँपालिकामा निवेदन दिदा निम्न प्रकृया पुरा गर्नुपर्नेछ।

- जग्गाको हकभोग भएको जग्गा धनि पुर्जा।
- मालपोत तिरेको रसिद / नापी नक्सा।
- संयुक्त जग्गा भए हकवालाको मन्जुरी।
- मोही जग्गा भए मोहि र जग्गाधनि दुवैको सम्झौता।
- सधियारको मन्जुरी।
- खन्न सम्याउन परेको व्यहोरा उल्लेखित निवेदन।
- सम्वन्धित वडाको सिफारिस।

२.२. गाउँपालिकामा निवेदन दर्ता भएपछि यो प्रक्रिया पुरा गरिने छ।

- निवेदन साथ संलग्न कागजको प्रमाणिकरण।

ईश्वर पाण्डे
अध्यक्ष

ढुंगा, गिट्टी, बालुवा माटो जस्ता खानी जन्य वस्तुको प्राकृतिक श्रोत व्यवस्थापन कार्यविधि
भिमसेन थापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसुचि ८ को क्रमसंख्या २१ र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (प) को ७ मा रहेको ढुंगा, गिटि, बालुवा, नुन, माटो खरीढुंगा तथा स्लेट जस्ता खानिजन्य वस्तुको सर्वेक्षण उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नविकरण खारेजी र व्यवस्थापन सम्बन्धि कार्य गर्न भिमसेन थापा गाउँपालिकाको गाउँकार्यपालिकाले ढुंगा, गिट्टी, बालुवा , माटो जस्ता खानीजन्य वस्तुको प्राकृतिक श्रोत व्यवस्थापन गर्न यो कार्यविधि २०७४ जारी गरेको छ ।

१. यस कार्यविधिका उदेश्यहरु

भिमसेन थापा गाउँपालिकाले निम्न उदेश्य पुरा गर्न यो कार्यविधि जारी गरेको छ ।

- भुकम्प पुर्ननिर्माण कार्यमा देखिएको निर्माण सामाग्रीको अभाव हटाई पुननिर्माण कार्यलाई गति दिन ।
- भिरालो जग्गालाई सम्याई घडेरी निर्माण वा खेती योग्य जग्गा निर्माण गर्न ।
- नदिजन्य उत्पादनका वस्तुहरुको संकलन तथा विक्रिवितरणवाट आवश्यक निर्माण सामाग्रीको अभाव कम गर्न ।
- व्यवस्थित उत्खनन तथा संकलन कार्य मार्फत गाउँपालिकाको आन्तरिक श्रोत अभिवृद्धि गर्न ।

२. निजि जग्गा व्यवस्थापन (खन्न, सम्याउन)

२.१. निजि जग्गा व्यवस्थापन (खन्न, सम्याउन) गर्न पाउँ भनि कुनै व्यक्तिले गाउँपालिकामा निवेदन दिदा निम्न प्रकृया पुरा गर्नुपर्नेछ ।

- जग्गाको हकभोग भएको जग्गा धनि पुर्जा ।
- मालपोत तिरेको रसिद / नापी नक्सा ।
- संयुक्त जग्गा भए हकवालाको मन्जुरी ।
- मोही जग्गा भए मोहि र जग्गाधनि दुवैको सम्झौता ।
- सधियारको मन्जुरी ।
- खन्न सम्याउन परेको व्यहोरा उल्लेखित निवेदन ।
- सम्वन्धित वडाको सिफारिस ।

२.२. गाउँपालिकामा निवेदन दर्ता भएपछि यो प्रक्रिया पुरा गरिने छ ।

- निवेदन साथ संलग्न कागजको प्रमाणिकरण ।

ईश्वर पाण्डे
अध्यक्ष



Scanned with CamScanner

- जग्गा सम्याउनु, खन्नु पर्ने कारणको प्राविधिकवाट प्रतिवेदन ।
- कति परिमाणमा माटो, वालुवा, ढुङ्गा निस्केको हो सो को प्राविधिक प्रतिवेदन (घन मिटरमा)।
- कति समय लाग्ने हो समय निर्धारण ।
- कहाँ कसरी व्यवस्थापन गर्ने ।
- कति सम्म जमिन काट्न मिल्छ ।

## २.३. प्रारम्भीक वातावरणीय परिक्षणको कार्य सुचि तथा प्रतिवेदन स्वीकृत गर्ने अधिकार

वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ वमोजिम नदिजन्य/खानीजन्य पदार्थको संकलन/ उत्खनन सम्वन्धि प्रारम्भीक वातावरण परिक्षणको कार्य सुचि तथा प्रतिवेदन स्वीकृत गर्ने र अनुमति दिने सम्वन्धमा देहाय वमोजिम हुनेछ ।

- वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ वमोजिम नदिजन्य /खानीजन्य पदार्थको संकलन / उत्खनन सम्वन्धि प्रारम्भीक वातावरणीय परिक्षणको कार्य सुचि तथा प्रतिवेदन स्वीकृत गर्ने अधिकार २०७५ असार मसान्त सम्म जिल्ला समन्वय समितिमा रहने ।
- २०७५ श्रावण १ देखि वातावरण विभागको सहकार्यमा उक्त प्रतिवेदन गाउँ कार्यपालिकाले स्वीकृत गर्ने ।
- गाउँ कार्यपालिकाले उपरोक्त वमोजिम स्वीकृत गर्दा वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ को अधिनमा रहि स्वीकृत गर्ने ।
- प्रारम्भीक वातावरणीय परिक्षणको कार्यासुचि तथा प्रतिवेदन को प्रस्तावक सम्वन्धित फर्म, कम्पनी वा व्यक्ति हुनेछ ।
- स्वीकृतिको लागि प्रकृया अगाडी वढेको भएमा नदिजन्य वस्तुहरुको व्यवस्थापन गर्न गाउँपालिकाले अस्थायी अनुमतिवाट कार्य सुचारु गर्नेछ ।
- प्रतिवेदनमा संकलन/उत्खनन वा दोहन गर्ने कच्चा पदार्थको स्थान, क्षेत्रफल, परिमाण, समय अवधि र स्रोत विवरण तथा त्यसंको क्षेत्रको नक्सा सहित पेश गर्नु पर्ने ।
- नदिजन्य/खनीज पदार्थ संकलन/उत्खनन गर्दा प्रयोग गर्ने विधि र सो मेसिन औजार उपकरण तथा यन्त्रको विवरण
- प्रारम्भीक वातावरणीय परिक्षण तयार गर्दा विज्ञ समुहमा कम्तिमा देहाएको विज्ञ समावेश भएको हुनुपर्ने ।

  क) जियोलोजिस्ट १ जना

  ख) वातावरण विज्ञ १ जना
- प्रतिवेदनमा प्रस्तुत नकारात्मक असर न्युनिकरणका लागी अपनाइएको विश्लेषण गरि कार्यान्वयनका लागी आवश्यक वजेट विनियोजन गरेको हुनुपर्ने ।
- प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला अनुगमन तथा समन्वय समिति मार्फत गरिने जिल्ला स्तरीय अनुगमन कार्य योजना समेत प्रतिवेदनको अंशको रुपमा समावेश हुने ।
- प्राप्त कार्यसुचि तथा प्रतिवेदन उपर गाउँपालिकामा छलफल हुने र कार्यपालिकाले आवश्यक ठहराएमा विज्ञ समुह वा प्राविधिकवाट स्थलगत अवलोकन गराई प्रतिवेदन लिन सक्ने ।

ईश्वर पाण्डे
अध्यक्ष

गाउँपालिका कार्यपालिकाको कार्यालय गोरखा



Scanned with CamScanner

- नदिजन्य / खानिजन्य पदार्थको संकलन/उत्खनन सम्वन्धि प्रारम्भीक वातावरण परिक्षणको कार्य सुचि तथा प्रतिवेदन स्वीकृत गर्ने र अनुमति दिने र अनुमति रद्द गर्ने अधिकार गाउँकार्यपालिकामा रहने ।
- स्वीकृत प्रतिवेदनको प्रमाणित प्रतिलिपि गाउँपालिकाको वेवसाइटमा राख्ने व्यवस्था गर्ने ।

२.४ सवै वडा वासीले थाहा पाउने गरी ७ दिने सुचना जारी गर्ने ।

- सुचनामा माग भएको कित्ता जग्गा र सम्वन्धित जग्गा धनिको विवरण समेत उल्लेख गर्ने ।

२.५ प्रकाशीत सुचना वमोजिम साँध संधिएर राखि कोहि कसैलाई असर पर्छ पर्दैन सो समेत खुलाई वडा कार्यालयवाट सर्जमिन गर्ने छ ।

३.गाउँपालिकाले कार्य सम्पादन गर्दा यो प्रक्रिया अपनाउने छ ।

- जग्गा व्यवस्थापनका लागी माग भएको स्थानमा सार्वजनिक जग्गा, सामुदायिक वन, धार्मीक स्थल लगाएत सार्वजनिक महत्व भएका स्थल भएमा कम्तिमा ३० मिटरको अन्तर छ, छैन हेर्ने ।
- व्यवस्थापन गर्ने जग्गाको वरपर रहेको जग्गाको सतह भन्दा अग्लो, भिरालो जग्गा हो, हैन एकिन गर्नेछ ।
- व्यवस्थापन गर्ने जग्गा, घर टहरा निर्माणको लागि हो वा कृषि प्रयोजनको लागि हो एकिन गर्नेछ ।
- मेसिन प्रयोग गर्नुपर्ने हो वा होईन खुलाउनें ।
- अन्य आवश्यक कुराहरु हेर्ने ।
- अनुमति प्रात गरी ढुंगा, गिट्टि, वालुवा उत्खनन / संकलन सुरु भईसकेपछि वा प्रक्रियामा रहदाको अवस्थामा कुनै व्यक्ति वा संस्थाले खानि जग्गा विकि वितरण गरी स्वामित्व हस्तान्तरण भएमा अनुमति स्वत रद्द हुनेछ ।
- वुढिगण्डकि डुवान क्षेत्रमा पर्ने खानि भएमा जग्गाहरुले वालुवा, ढुंगा, गिट्टि उत्खनन / संकलनको अनुमति लिएको भएमा पनि मुअब्जा रकम वुझिसकेपछि स्वत व्यक्ति वा फर्मको अनुमति रद्द हुनेछ ।
- वुढि गण्डकी डुवानको मुआब्जा वुझी खारेज भएका खानीहरु पुनः संचालन गर्न आवश्यक भएमा गाउँपालिकाले सञ्चालनको व्यवस्था मिलाउने ।

४ जग्गा व्यवस्थापन गर्दा यस गाउँपालिकाले लिने दस्तुर देहाय वमोजिम हुनेछ ।

- कुनै व्यक्तिले माटो, वालुवा प्रसोधन कम्पनि सँग सम्झौता गरी कच्चा माटो वा वालुवा व्यवस्थापनको निवेदन दिएमा स्विकृत प्राप्त गर्ने व्यक्तिले प्रति रोपनी रु १०,०००।– अनुमति दस्तुर र निकासी गरी लाने कम्पनिले प्रति ट्रिप टिप्फर वा ठुला गाडी रु १०००।– मझौला गाडी र टेक्टरको रु ३००।– निकासी दस्तुर लाग्ने ।
- कुनै निजि ढिस्को वा जग्गा वाट कच्चा माटो वा वालुवा निकालि यस गाउँपालिका भन्दा वाहीर सोझै लानु परेमा उक्त माटो निकाल्ने व्यक्ति वा कम्पनिलाई अनुमति दस्तुर वापत प्रति रोपनि रु

ईश्वर पाण्डे
अध्यक्ष

...गाउँपालिका
...को कार्यालय
गोरखा



Scanned with CamScanner

१००००।– लाग्ने छ । र प्रति ट्रिप टिप्पर वा ठुला गाडी रु १००० – मझौला गाडी र टेक्टरको
रु ३००।– निकासी दस्तुर लाग्ने ।

- कुनै व्यक्तिले आफ्नो निजि जग्गावाट निस्किएको माटो या वालुवा आफै व्यवस्थापन गर्न वाहिर निकासी गर्नुपर्ने भएमा सम्वन्धित व्यक्तिलाई अनुमति दस्तुर वापत प्रति रोपनी रु १०००।– लाग्ने छ । र प्रति ट्रिप टिप्पर वा ठुला गाडी रु १०००।– मझौला गाडी र टेक्टरको रु ३००।– निकासी दस्तुर लाग्ने ।
- कुनै निजि ढिस्को वा जग्गावाट ढुंगा वाहिर पठाउन परेमा सम्वन्धित व्यक्ति वा कम्पनिलाई अनुमति दस्तुर वापत प्रति रोपनी रु १००००।– लाग्ने छ । र प्रति ट्रिप टिप्पर वा ठुला गाडी रु १०००।– मझौला गाडी र टेक्टरको रु ३००।– निकासी दस्तुर लाग्ने ।
- माथि उल्लेखित खनिज जन्य पदार्थहरुको उत्खनन तथा व्यवस्थापन शिर्षकवाट उठेको रकम गाउंपालिकाको सञ्चित कोषमा जम्मा गरिने छ र सो रकम गाउँसभाको निर्णय वमोजिम खर्च गरिने छ । यस्तो रकमको गाउँसभाले निर्णय गर्दा खानि क्षेत्र भएका वडा हरुलाई वातावरण संरक्षण गर्ने प्रयोजनको लागि साविक ..................... प्रतिशत विनियोजन गरिने र/ अन्य वडाको खानिको हकमा पनि सम्वन्धित वडालाई १२.५ प्रतिशत रकम विनियोजन गरिने छ ।
- खानी संचालकहरुले खानी सम्म पुग्ने वाटो वर्षायाममा समेत चल्न सक्ने गरी मर्मत संभार गर्नुपर्नेछ ।

५ प्रदुषणको रोकथाम तथा नियन्त्रण गर्न निम्न उपायहरु अवलम्वन गरिने छ ।

- व्यक्ति वा कम्पनीले खानी उत्खनन् /संकलन वा निकासी गरीसकेपछी सो क्षेत्रमा अनिवार्य रुपमा वृक्षारोपण गरी हरीयाली कायम हुने व्यवस्था गर्नुपर्ने छ ।
- कसैले पनि वातावरण प्रतिकुल प्रभाव पर्ने गरी वा जनजीवन र स्वास्थ्यलाई प्रतिकुल असर हुनेगरी काम गर्न पाईने छैन ।
- प्रयोग हुने वाटोमा धुलो उडाउने आवाज जावतमा अवरोध पुग्नेगरी सवारी साधन चलाउन पाउने छैन ।
- खानीजन्य पर्दाथ निकासीको लागी सवारी साधन चलाउदा स्थानीय स्थलमा छलफल गरी स्थानीय सर्वसाधारण र विद्यार्थीलाई वाधा नपर्ने गरी उपयुक्त समयमा चलाउन सकीने छ ।
- गाउंपालिकाले नियमित अनुगमन गर्ने छ, सम्झौता वमोजिम कार्य गरेको नपाएमा स्वीकृती रद्द गरी नियम अनुसार कारवाही अगाडी वढाईनेछ ।
- सार्वजनिक जग्गावाट उत्खनन् भैसकेपछि उक्त स्थानमा सिमांकन गरी हरीयाली हुने गरी व्यवस्थित गर्नुपर्नेछ ।
- विभिन्न स्थानमा भएका वासिङ कम्पनीहरुले आफुले अनुमती लिदाको वखत कम्पनी रजिस्टरको कार्यालय तथा घरेलुवाट दिएको निर्देशन अनुसार वासिङवाट निस्किएको फोहोर पानिलाई आवस्यक उपचार गर्न (treatment plant) वनाई उपचार भैसकेको पानिलाई मात्र स्थानिय नदि अथवा खोलामा खसाल्नु पर्नेछ ।
- खानी संचालक वा वासिङ कम्पनिहरुले वाटोमा धुलो प्रदुषण तथा ध्वनी प्रदुषण हुने गरी दुवानीका साधनहरु चलाउन पाईने छैन र वाटोमा आवस्यकता अनुसार ट्याङकर वाट पानी हाली धुलो नउड्ने गरी गाडीको भार वहन क्षमता अनुसारको मात्र वोक्न पाईने र दुवानी गर्दा

गाउँपालिका
...को कार्यालय
...गोरखा

ईश्वर पाण्डे
अध्यक्ष



Scanned with CamScanner

माटो, वालुवा ढुंगा नखस्ने व्यवस्था गरी छोपेर मात्र ढुवानीको व्यवस्था मिलाउनुपर्ने हुन्छ। साथै सडकमा सवारी साधन राखी पानी तर्काउने काम पुर्ण रुपमा निषेधित गरीएको छ।

- कुनै फर्म वा कम्पनिले स्वीकृत नलीई जग्गा सम्याउन तथा ढुंगा, वालुवा, माटो जस्ता खानिजन्य वस्तुको उत्खनन् र विक्री वितरण गर्न पाउने छैन।
- कुनै फर्म वा कम्पनिले स्वीकृत नलीई जग्गा सम्याउन तथा ढुंगा, वालुवा, माटो जस्ता खानिजन्य वस्तुको उत्खनन् र विक्री वितरण गरेको पाईएमा तत्काल वन्द गराई सम्वन्धित सवारी साधन वा व्यक्तिलाई रु. १००००।- देखी रु.५००००।- सम्म जरीवाना गरी कानुन वमोजिम कारवाही गरीने छ।
- अनाधीकृत रुपमा नदीनाला खोल्सा खोल्सीवाट वालुवा निकाल्न पाईने छैन। कही कतैवाट निकाली वालुवा निकासी तथा थुपारेको पाईएमा गाउँपालिकाले सो वालुवा जफत गरी सम्वन्धित सवारी साधन वा व्यक्तिलाई रु. १००००।- देखी रु.५००००।- सम्म जरीवाना गरी कानुन वमोजिम कारवाही गरीने छ।

६. सार्वजनिक जग्गा व्यवस्थापन गर्दा।

- गाउँ वासीको हितमा खेलकुद मैदान, सामुदायीक स्कुल, कलेज, स्वास्थ्य केन्द्र, मठ मन्दिर र अन्य सार्वजनिक भवन वा सार्वजनिक स्थल निर्माणका लागी जग्गा व्यवस्थापन गर्दा गाउँ कार्यपालिकाको निर्णय अनुसार गाउँपालिका आफैले सार्वजनिक जग्गा व्यवस्थापन र निर्माण गर्नेछ।
- सार्वजनिक प्रति र सरकारी जग्गामा रहेको माटो, वालुवा, ढुंगा, स्लेट लगायत अन्य खानीजन्य वस्तुहरुको उत्खनन्/संकलन र विक्री वितरण गाउँपालिकाले प्रारम्भिक वातावरणीय परिक्षण गराई गाउँ कार्यपालिकाको निर्णय वमोजिम गाउँपालिका आफैले वा ठेक्का पट्टा व्यवस्था द्वारा व्यवस्थापन गर्न सक्ने छ।
- भिमसेन थापा गाउँपालिका क्षेत्र भित्र प्रति जग्गामा भएका खानीजन्य पदार्थहरु जस्तै: ढुंगा, गिटी, वालुवा उत्खनन तथा विक्री वितरण गर्न उपयुक्त स्थान हरुको पहिचान गाउँ कार्यपालिकाले गर्नेछ र सो स्थानको प्रारम्भिक वातावरणीय परिक्षण गराई विक्री वितरणको व्यवस्था गर्न सकिनेछ।
- भिमसेन थापा गाउँपालिकाको क्षेत्रभित्र रहेका नदिजन्य पदार्थहरु जस्तै ढुंगा, गिटी, वालुवा संकलन तथा विक्रीवितरण गर्न उपयुक्त स्थानहरुको पहिचान गाउँ कार्यपालिकाले गर्नेछ र सो स्थानको प्रारम्भिक वातावरणीय परिक्षण गराई विक्रिवितरणको व्यवस्था गर्न सकिनेछ।
- प्रारम्भिक वातावरणीय परीक्षण कार्यसम्पन्न गर्न गाउँपालिकाले विज्ञ समुहको टोली खटाई प्रतिवेदन लिन सक्नेछ।
- खानीजन्य तथा नदीजन्य पदार्थको प्राकृतिक स्रोत उपयोग कर वातावरण शुल्क प्रदेशसभाले कानुन वनाई व्यवस्थीत नगरेसम्मको लागी तपशिल वमोजिम हुनेछ।

क) ढुंगा, गिटि, वालुवा उत्खनन, संकलन र विक्रिवापत प्रति घन मिटर रु ४०० (अक्षरेपी चार सय मात्र)

ख) जील्ला बाहिर निकासी गर्दा प्रति टिप /टिप्फर रु १०००।- रुपैया मात्र निकासी दस्तुर लाग्नेछ।

ईश्वर पाण्डे
अध्यक्ष



Scanned with CamScanner

- अन्य निकायवाट स्वीकृत लिनपर्ने भएमा गाउँ कार्यपालिकाको निर्णय अनुसार गाउँपालिकाले सम्बन्धित निकाय वाट स्वीकृती लिनेछ ।

७. कम्पनि/ संस्थाले जग्गा व्यवस्थापन गर्दा

- कम्पनि रजिष्टर कार्यालयमा कम्पनि दर्ता भएको हुनुपर्ने ।
- साना तथा घरेलुमा दर्ता भएको भए प्रमाण कागजहरु ।
- साविकमा जिल्ला समन्वय समिती गोरखामा अनुमति प्राप्त भएको भए सो सम्वन्धि प्रमाण पत्र लगाएतका कागजातहरु ।
- वालुवा प्रसोधन उद्योगको हकमा सो उद्योगले कच्चा पदार्थ उठाउन सम्झौता गरेको भए निजि जग्गा व्यवस्थापनकै कार्य विधि अपनाईनेछ ।
- खनिज क्षेत्रको हकमा वातावरण सँग सम्वन्धित पूर्व तयारी तथा प्रदुषण नियन्त्रण सम्वन्धि सम्पुर्ण आवश्यक कार्यहरु खानि सञ्चालक स्वंयमको जिम्मेवारीको विषय रहनेछ । र यस सम्वन्धमा जानकारी वा कागजात अन्य निकायले मागेमा सो को व्यवस्था सम्वन्धित कम्पनि वा उद्योगले गर्नुपर्नेछ ।

मोटो वालुवाको व्यवस्थापन गर्ने उनुमतिको अर्थ घर वनाउन घडेरी सम्याउनु, भिराले जमिनलाई खेती योग्य वनाउनु तथा जनताको जीवीको पार्जन गर्न योग्य वनाई गरिवि निवारणमा सहयोग पुर्‍यांउने उद्देश्यले स्थानिय गाउँपालिकावासिको जग्गालाई निजहरुको माग अनुसार उचित व्यवस्थापन गर्नुभएकोले अनधिकृत रुपमा भईरहेको प्राकृतीक स्रोतको दोहन रोक्नु र करको दायरामा ल्याउनु गाउँपालिकाको कर्तव्य समेत भएको हुदा सोहि अनुसार यस अनुमतिलाई लिई कार्य गर्नुहुन सम्पूर्ण सरोकारवला हरुलाई निर्देशित गरिन्छ ।

८. जग्गा प्लटिङ सम्बन्धि व्यवस्था

यस गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति संस्था वा समुहले जग्गा प्लटिङ्ग गर्नुपरेमा गाउँकार्यपालिकाको स्वीकृतीको लागि देहाय वमोजिमको प्रक्रिया पुरा गरी गाउँपालिका वाट अनुमति लिनुपर्ने छ ।

- प्लटिङ्ग गर्न चाहेको जग्गाको नापी नक्सा हाल भईरहेको जग्गाको अवस्था र प्लटिङ्ग पछि हुने अवस्था देखिने गरी सम्वन्धित वडाको सिफारीस सहित कागजात पेश गर्नुपर्ने ।
- प्लटिङ्ग गर्दा स्थानिय नदिनाला, वनजंगल प्रति जग्गा आदीलाई हानि नोक्सानि गर्न पाईने छैन ।
- प्लटिङ्गको निवेदन दर्ता भईसकेपछि यस कार्यालय वाट तोकिएको प्राविधिक वाट चेक जाँच गरी प्रतिवेदन माग गरीने छ ।
- प्रतिवेदन प्राप्त भईसकेपछि अनुमति दिन मिल्ने देखिएमा प्लटिङ्ग गर्ने जग्गाको कुल क्षेत्रफलको सरकारी मूल्याङ्गनको १ प्रतिशतले हुन आउने रकम यस कार्यालयको दस्तुर तोकिएको छ ।
- तोकिएको दस्तुर बुझाईसकेपछि अनुमतीको प्रकृया वढाईने छ ।
- जग्गा प्लटिङ्ग गर्दा मुल वाटोवाट प्लटिङ्ग जोड्ने सडक कम्तिमा ७ मिटर चौडाईको र भित्रि सडकहरु ६ मिटर चौडाईको हुनुपर्नेछ ।

ईश्वर पाण्डे
उपाध्यक्ष

➢ प्लटिङ्ग जग्गामा जाने सडक मुल सडक संग जोडिएको र अन्य सडक सम्म निकास भएको हुनुपर्ने छ ।

➢ जग्गा प्लटिङ्ग गर्दा कुल क्षेत्रफलको कम्तिमा ३० प्रतिशत जग्गा खुल्ला क्षेत्रफल छाडिएको हुनुपर्ने छ ।

➢ माथि जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाको भूउपयोग नक्सा वमोजिम खेतियोग्य जग्गा भनिएको क्षेत्र वा पुरातात्वीक वा ऐतिहासिक भूभाग वा जोखिम युक्त जग्गाहरुमा जग्गा प्लटिङ्गको अनुमति दिईने छैन ।

➢ गाउंपालिकाको अनुमति वेगर कुनै जग्गाको प्लटिङ्ग गर्न पाईने छैन । अनुमतिवेगर गरिएको प्लटिङ्गको जग्गाको हकमा गाउँपालिकाले जग्गा वेचविखन सिफारीस रोक्का गर्नुका साथै अन्य आवश्यक कारवाही गर्नेछ ।

➢ प्लटिङ्ग जग्गाको कम्तिमा क्षेत्रफल ४ आना हुनुपर्नेछ ।

**९. ढुङ्गा, वालुवा, माटो जस्ता खानी जन्य वस्तुको प्राकृतिक श्रोत व्यवस्थापन र जग्गा व्यवस्थापन सम्वन्धि कार्यमा सहजीकरण गर्न गाउँपालिकामा देहाय वमोजिमको समिति गठन हुनेछ ।**

➢ सँयोजक श्री इश्वर पाण्डे - अध्यक्ष

➢ सदस्य श्री विनु वाग्ले - उपाध्यक्ष

➢ सदस्य श्री नारायण भट्टराई वडा अध्यक्ष वडा नं. २

➢ सदस्य श्री लिला लामीछाने वडा अध्यक्ष वडा नं. ३

➢ सदस्य श्री नारायण श्रेष्ठ वडा अध्यक्ष वडा नं. ७

➢ सदस्य श्री वासु थापा वडा अध्यक्ष वडा नं. ८

➢ सदस्य श्री मदन शाक्य वडा अध्यक्ष वडा नं. ४

➢ सदस्य श्री भिम वहादुर थापा वडा अध्यक्ष वडा नं. ६

➢ सदस्य सचिव प्रमुख प्रशासकिय अधिकृत

**१०. समितिको कार्यक्षेत्र देहायवमोजिम रहनेछ ।**

➢ उपरोक्त समितिले दर्ता हुन आएका एवं गाउँपालिकावाट तयार भएको प्रस्तावमाथि आवश्यक छानविन गरि आवश्यकता अनुसार प्राविधिक प्रतिवेदन समेत प्राप्त गरि, गाउँपालिका प्रमुख समक्ष पेश गर्ने छ र त्यस उपर गाउँकार्यपालिकाको वैठकमा छलफल हुनेछ ।

➢ ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, संकलन र विक्रि वापत र निकासी करको दर पुनरावलोकनको लागि गाउँ कार्यपालिकालाई राय सुझाव दिनेछ ।

➢ ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, संकलन र विक्रि वापत र निकासी करको दर प्रत्येक वर्ष गाउँ सभाको निर्णयअनुसार हुनेछ ।

➢ गाउँ कार्यपालिकाको निर्णय वमोजिम तोकिएको गाउँपालिकाको प्रतिनिधिले जग्गा धनिसंग वा फर्म कम्पनी वा संस्थासंग सम्झौता गर्ने छ ।

➢ सम्झौताको जानकारी जिल्ला समन्वय समिति र जिल्ला प्रशासन कार्यालयलाई दिईनेछ ।

ईश्वर पाण्डे
प्रमाणिकरण गर्ने
अध्यक्ष

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोरखा



Scanned with CamScanner